मिति २०७८ साल असार १४ गते सोमबारका दिन प्रमुख जिल्ला अधिकारी गौलोचन सैंजूज्युको अध्यक्षतामा बसेको जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठक बसी देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

<u>उपस्थित:</u>

सल्लाहाकार:

| क.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | माननीय शान्ति प्रसाद पौडेल | सांसद | बागमती प्रदेश | |
| २. | श्री प्रेम बहादुर खड्का | प्रमुख | जिल्ला समन्वय समिति | |
| ३. | श्री धावा लामा | अध्यक्ष | सुनापति गाउँपालिका | |
| ४. | श्री प्रेम बहादुर तामाङ | अध्यक्ष | खाँडादेवी गाउँपालिका | |
| ५. | श्री माया कार्की | उप-प्रमुख | मन्थली नगरपालिका | |
| ६. | श्री सृजना खड्का | उप-प्रमुख | रामेछाप नगरपालिका | |

**District Covid-19 Crisis Management Center** का पदाधिकारी:

| क.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री गौलोचन सैंजू | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | |
| २. | श्री दिवस आचार्य | जि.स.अ. | जिल्ला समन्वय समिति | |
| ३. | श्री चन्द्र बहादुर कार्की | सेनानी | नयाँ गोरख गण | |
| ४. | श्री नवराज ढुंगाना | प्र.ना.उ. | जिल्ला प्रहरी कार्यालय | |
| ५. | श्री केशवराज प्याकुरेल | स.प्र.ना.उ. | सशस्त्र प्रहरी बल नेपाल | |
| ६. | श्री धिरज बानियाँ | प्र.अ.अ. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | |
| ७. | श्री दिपेन्द्र नारायण श्रेष्ठ | जि. अस्पताल प्रमुख | जिल्ला अस्पताल | |
| ८. | श्री भुवन थापा | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य कार्यालय | |

आमन्त्रित:

| | | | | |
|---|---|---|---|---|
| १. | श्री आनन्द श्रेष्ठ | अध्यक्ष/प्रतिनिधि | नेकपा (एमाले) | |
| २. | श्री लेख बहादुर कार्की | जिल्ला सचिव | नेपाली कांग्रेस | |
| ३. | श्री मैनकुमार मोक्तान | अध्यक्ष | नेकपा (माओवादी केन्द्र) | |
| ४. | श्री सोनाम ग्यापक | अध्यक्ष | जसपा | |
| ५. | श्री रामचन्द्र कडेल शर्मा | अध्यक्ष | राप्रपा | |
| ६. | श्री बद्री नयाँघरे | अध्यक्ष/प्रतिनिधि | नेपाल पत्रकार महासंघ | |
| ७. | श्री भुवन कुमार श्रेष्ठ | अध्यक्ष/प्रतिनिधि | गैसस महासंघ | |
| ८. | श्री जयप्रकाश श्रेष्ठ | मन्त्री | नेपाल रेडक्रस सोसाइटी | |
| ९. | श्री केशव प्रसाद घिमिरे | अध्यक्ष | रामेछाप उद्योग बाणिज्य संघ | |
| १०. | श्री शम्भु श्रेष्ठ | अध्यक्ष/प्रतिनिधि | रामेछाप नगर उद्योग बाणिज्य संघ | |
| ११. | श्री पाण्डप प्रसाई | संयोजक | मानव अधिकारकर्मी | |
| १२. | श्री युवराज गुरागाईं | प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय | |
| १३. | श्री लेखनाथ खतिवडा | कार्यालय प्रमुख | इलाका प्रशासन कार्यालय लाप्चाने | |
| १४. | | | | |
| १५. | | | | |

## निर्णयहरुः

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण नेपालमा तिव्रतर बढिरहेको छ । यस जिल्लामा समेत कोभिड-१९ को संक्रमण बढ्दै गएकोले यसबाट जनस्वास्थ्यमा गम्भिर असर पर्न सक्ने अवस्थालाई मध्यनजर गरी कोभिड-१९ को संक्रमण रोकथाम नियन्त्रणमा थप सर्तकता अपनाई नागरिकको जीवनको सुरक्षा गर्न जिल्ला स्तरीय कोभिड-१९ संकट व्यस्थापन केन्द्र (DCCMC) को मिति २०७८/०३/१४ गते बसेको बैठकमा छलफल गरी जिल्लालाई जोखिमयुक्त क्षेत्र तोकी मिति २०७८/०३/१५ गते राती १२:०० बजेदेखि मिति २०७८/०३/२२ गते राती १२:०० बजेसम्म तपसिलको बमोजिम लागू हुने गरी जिल्ला भर निषेधाज्ञा जारी गर्ने निर्णय गरियो ।

तपसिल

१. निषेध गरिने सेवा तथा कार्यहरुः

क) खुल्ला स्थानमा मानिसहरु भेला, जम्मा हुन, भिडभाड गर्न, सभाजुलुस गर्न, जात्रा, महोत्सव, भोज भतेर गर्न।

ख) जिल्ला भित्रिने र वाहिरीने सबै यात्रुवाहक सवारी साधनहरु ।

ग) जिल्ला भित्रका सबै शैक्षिक संस्था, पठनपाठन र परीक्षा संचालन ।

घ) अति आवश्यक बाहेकका प्रशिक्षण, तालिम र गोष्ठीहरु ।

ङ) मेला, हाटबजार, जात्रा, पर्व, खेलकुद, स्वीमिङ्ग पुल, सपिङमल, मनोरञ्जन स्थल, फूडसल, हेल्थक्लब, जिमखाना, पुस्तकालय, लगायतका कार्यहरु संचालन ।

च) पार्टी प्यालेस, सैलुन, व्युटीपार्लर, मसाज सेन्टर लगायतका व्यवसायहरु ।

छ) विवाह, ब्रतबन्धजस्ता संस्कारका हकमा बढिमा १० जनासम्म व्यक्ति र बढिमा २ वटा सानो सवारी साधन प्रयोग गरी व्यानरका आधारमा जिल्ला भित्र वा अन्तर जिल्लामा आवत जावत गर्ने भन्दा वाहेकका अन्य कार्य ।

ज) नित्य पूजा बाहेक अन्य सबै किसिमका देवाली, चण्डी, सामुहिक पूजाआजा लगायत सम्पूर्ण धार्मिक, साँस्कृतिक गतिविधिहरु ।

२. संचालन हुने कार्य र सवारी साधनहरुः

क) खाद्यसामग्री तथा पशुपंक्षीका दाना, तरकारी, फलफूल, माछा, मासु, पानी, ग्यास, पेट्रोलपम्प, निर्माण सामग्री विक्री वितरण, पुस्तक पसल र प्रिन्टिङ्ग प्रेस लगायत पसलहरु स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्णपालना गरी विहान ५:००-६:०० बजेसम्म मात्र सञ्चालन गर्ने ।

ख) औषधी एवम् स्वास्थ्य सामाग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने ।

ग) राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय प्राथमिक्ता प्राप्त आयोजना र जिल्लामा संचालित महत्वपूर्ण आयोजनाहरुको सामग्री ढुवानीको लागि प्रयोग गरिने सवारी साधनहरु । त्यस्ता आयोजनाहरुमा स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण रुपमा पालना गर्ने गरी गरिने निर्माण सम्बन्धी कार्यहरु ।

घ) जिल्ला भित्र सञ्चालन हुने निजी तथा सार्वजनिक सवारी साधनहरु जोर विजोर प्रणाली (गते अनुसार) द्वारा सिट क्षमता भन्दा बढी नहुने गरी सञ्चालन गर्ने ।

ङ) बैङ्क, सहकारी तथा वित्तीय संस्थाहरु स्वास्थ्य सुरक्षाका मापदण्डहरुको अनिवार्य रुपमा पालना गर्ने गरी नियमित रुपमा सञ्चालन गर्ने ।

च) होटल, रेष्टुरेन्ट, चिया तथा खाजा पसलहरु कोभिड-१९ सम्बन्धी मापदण्ड पुरा गरी विहान ५:००-६:०० बजेसम्म मात्र सञ्चालन गर्ने ।

छ) सरकारी कार्यालय तथा सार्वजनिक निकायहरुले स्वास्थ्य मापदण्डको पालना हुने व्यवस्था (मास्क लगाउने, हात धुने, स्यानिटाइजर प्रयोग गर्ने तथा कम्तीमा २ मिटर दुरी कायम गर्ने लगायत) मिलाई सेवा प्रवाह गर्ने ।

ज) एम्बुलेन्स, दमकल, शववाहन, खाद्यान्न सामाग्री तथा पशुपंक्षीका दाना, तरकारी, फलफूल, दुध, डेरीजन्य उत्पादन, माछा, मासु, पानी, ग्यास तथा पेट्रोलियम पदार्थ बोकेको सवारी साधनहरु, औषधी तथा स्वास्थ्य सेवाका सामाग्री बोकेका सवारी साधनहरु, सूचना विभागबाट जारी परिचय पत्रका आधारमा सञ्चारकर्मीले प्रयोग गर्ने सवारी साधनहरु ।

झ) कोभिड-१९ सम्बन्धी मापदण्द पुरा गरी दुध तथा डेरीजन्य उत्पादन तथा विक्रि वितरण गर्ने पसल तथा व्यवसायहरु नियमित रुपमा र सवारी मर्मत वर्कसप साँझ ६:०० बजेसम्म मात्र सञ्चालन गर्ने ।

ञ) स्वास्थ्योपचार गर्न वा मृत्यु संस्कारमा अनिवार्य रुपमा अन्य जिल्लामा सहभागी हुनुपर्ने अवस्थाका व्यक्तिले प्रयोग गर्ने सवारी साधनहरुको हकमा उक्त कार्यको लागि सम्बन्धित वडाको सिफारिस तथा अस्पतालको रेफर सहित जिल्ला प्रशासन कार्यालयमा पेश गर्ने ।

ट) अत्यावश्यक कार्यमा जिल्लाको प्रवेश नाकाहरुबाट यस जिल्ला प्रवेश गर्ने जिल्ला भित्रका नागरिकहरुलाई सम्बन्धित पालिका वा वडाको क्वारेन्टिन तथा आइसोलेसनमा राख्ने नामावली सहितको सुनिश्चितता सहित लिखित सिफारिस भएकोमा बाहेक प्रवेश गर्न नदिने । अन्यत्र जिल्लाबाट पैदल प्रवेश गर्नेहरु माथि पनि सम्बन्धित निकायहरुले निगरानी राख्ने ।

ठ) सबै प्रकारका पेशा तथा व्यवसायमा संलग्न हुँदा समेत कोभिड-१९ सम्बन्धी सम्पूर्ण स्वास्थ्य सुरक्षा मापदण्डको पालना गर्ने तथा जिल्लाका सबै संघ संस्था, राजनीतिक दल, सञ्चार माध्यम तथा पेशाकर्मीले स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने गराउने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्न सहजिकरण गर्ने ।

ड) आफ्नो घर परिवार र समुदायमा कोभिड-१९ सँग मिल्दोजुल्दो लक्षण देखिएमा शंकास्पद बिरामी भेटिएमा जिल्ला अस्पताल, स्थानीय स्वास्थ्य संस्था र नजिकको प्रहरी यूनिटमा खबर गर्ने ।

ढ) PCR परीक्षणका लागि प्रयोगशालामा स्वाव दिएपछि नतिजा नआएसम्म बाहिर भेटघाट नगर्ने ।

ण) सबै स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गरेर मात्र विवाह र मृत्यू संस्कार गर्ने ।